टी-२० विश्वकप

# अपराजित यात्रा कायम राख्दै दक्षिण अफ्रिका सेमिफाइनलमा

सौर्य समाचार

काठमाडौं । दक्षिण अफ्रिकाले टी-२० क्रिकेट विश्वकप २०२६ मा आफ्नो अपराजित यात्रा कायम राख्दै वेस्ट इन्डिजमाथि ९ विकेटको प्रभावशाली जित निकालेको छ । समूह-१ को सुपर ८ चरणअन्तर्गत बिहीबार भारतको अहमदाबादमा भएको खेलमा दक्षिण अफ्रिकाले १७७ रनको लक्ष्य २३ बल बाँकी रहँदै मात्र १ विकेट गुमाएर पूरा गर्‍यो । बिहीबार राति भएको अर्को खेलमा भारतले जिम्बाब्वेलाई हराएसँगै दक्षिण अफ्रिका समूहको शीर्ष स्थानमा ६ अंकले अग्रता बनाउँदै सेमिफाइनलमा पुगेको हो ।

कप्तान एडेन मार्करमले ४६ बलमा अविजित ८२ रनको शानदार इनिङ्स खेले। उनले ७ चौका र ४ छक्का प्रहार गर्दै दक्षिण अफ्रिकालाई सहज जित दिलाए । उनले २७ बलमै अर्धशतक पूरा गरेका थिए। ओपनर क्विन्टन डी ककले २४ बलमा ४७ रन जोड्दै मार्करमसँग ९५ रनको उत्कृष्ट साझेदारी गरे । डी ककलाई रोस्टन चेजले आठौं ओभरमा आउट गरेपछि पनि दक्षिण अफ्रिकाको रनगति घटेन । तेस्रो नम्बरमा आएका रायन रिकेल्टनले २८ बलमा अविजित ४५ रन बनाए ।

यसअघि टस हारेर ब्याटिङ गरेको वेस्ट इन्डिजले



सुरुआतमा आक्रामक प्रदर्शन गरे पनि लगातार विकेट गुमाउँदै दबाबमा परेको थियो । पावरप्लेमा ४ विकेट गुमाएपछि वेस्ट इन्डिज ८३-७ को अवस्थामा पुगेको थियो । कागिसो रबाडा र लुंगी एनगिडीले समान २ विकेट लिए । तर रोमारियो शेफर्ड र जेसन होल्डरले आठौं विकेटका लागि ५७ बलमा ८९ रनको महत्त्वपूर्ण साझेदारी गर्दै टोलीलाई १७० रनभन्दा माथि पुर्‍याए । शेफर्डले ३७ बलमा अविजित ५२ रन बनाए भने होल्डरले ३१ बलमा ४९ रन बनाएर अन्तिम ओभरअघि रनआउट भए । अन्तिम ५ ओभरमा उनीहरूले ५८ रन थपेका थिए । तर दक्षिण अफ्रिकाको बलियो ब्याटिङ अगाडि उक्त लक्ष्य पर्याप्त हुन सकेन । २०२४ को उपविजेता दक्षिण अफ्रिकाले प्रतियोगितामा लगातार पाँचौं जित निकाल्दै उपाधि दाबेदारी थप बलियो बनाएको छ ।

### फराकिलो जितसँगै भारतको सेमिफाइनल सम्भावना कायमै

यता भारतले जिम्बाब्वेलाई ७२ रनले पराजित गर्दै सेमिफाइनलको दौडमा आफ्नो सम्भावना कायमै राखेको छ । चेन्नईस्थित एमए चिदम्बरम रंगशालामा भएको खेलमा घरेलु टोली भारतले प्रस्तुत गरेको २५७ रनको विशाल लक्ष्य पछ्याएको जिम्बाब्वेले २० ओभरमा ६ विकेट गुमाउँदै १८४ रन मात्र बनाउन सक्यो । जिम्बाब्वेका ओपनर ब्रायन बेनेटले उत्कृष्ट प्रदर्शन गर्दै ९७ रनको अविजित इनिङ्स खेले । उनले आक्रामक शैलीमा रन बटुले पनि अन्य ब्याटरबाट पर्याप्त साथ नपाउँदा टोली लक्ष्य नजिक पुग्न सकेन । भारतका लागि अर्शदीप सिंहले किफायती बलिङ गर्दै ४ ओभरमा २४ रन खर्चेर ३ विकेट लिए । अक्षर पटेलले महत्त्वपूर्ण समयमा विकेट लिँदै खेल भारततर्फ मोडेका थिए । यसअघि टस हारेर पहिले ब्याटिङ गरेको भारतले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै २५६ रनको विशाल योगफल तयार पारेको थियो । हार्दिक पाण्ड्या र अभिषेक शर्माले आक्रामक अर्धशतक प्रहार गर्दै मध्यक्रमलाई बलियो आधार दिए ।

सुरुआतदेखि नै तीव्र रनगति कायम राखेको भारतले अन्तिम ओभरहरूमा थप आक्रामक बन्दै स्कोर उकालेको थियो । जिम्बाब्वेले लक्ष्य पछ्याउने क्रममा पावरप्लेमा बिना विकेट ४४ रन बनाउँदै सावधानीपूर्वक सुरुआत गरेको थियो । तर आवश्यक रनरेट बढ्दै जाँदा दबाब सिर्जना भयो । सातौं ओभरमा अक्षर पटेलले ताडिवानासे मारुमानीलाई आउट गर्दै भारतलाई पहिलो सफलता दिलाए । त्यसपछि नियमित अन्तरालमा विकेट खस्दा जिम्बाब्वे दबाबमा परेको थियो । यस जितसँगै भारतले सुपर-८ मा महत्त्वपूर्ण २ अंक जोड्दै सेमिफाइनल यात्रालाई थप मजबुत बनाएको छ । जिम्बाब्वे भने १ खेल अगावै प्रतियोगिताबाट बाहिरिएको छ ।

# Tanjakot Rural Municipality

## Office of the Rural Municipal Executive

**Chankhure, Humla**

**Karnali Province, Nepal**

## Bid Invitation Notice

**Date of Publication: 2082-11-15 (27 February, 2026)**

1. Tanjakot Rural Municipality, Humla invites electronic bids from eligible bidders for the Procurement of Goods as per mentioned in table below under National Competitive Bidding procedures.
2. The Bids must be uploaded through PPMO website www.bolpatra.gov.np/egp. before 12.00 on 2082/12/15 (29 March 2026). Bids received after this deadline will be rejected.
3. Bid will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 on 2082/12/15 (29 March 2026) at the office of Tanjakot Rural Municipality Humla.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Tanjakot Rural Municipality, Humla, Mob.no.: 9858038199/9860504819 and email: ito.tajakotmun@gmail.com or may visit PPMO website www.bolpatra gov.np/egp.

| IFB No. | Description | Bid Document Fee | Bid validity/Bid Security Validity |
|---|---|---|---|
| 09/TRM/NCB/082-83 /WTBKY/GOODS | Procurement of Non-Local Material for Rama Aula Thapagaun Gaunpalika Khanepani tatha Sarsaphai yojana | NPR. 3,000.00 | 90/120 Days |

*Chief Administrative Officer*
*Tanjakot Rural Municipality*